# पौराणिक मेलाको फोहोर व्यवस्थापन



सल्यान (बुटवल टुडे) २ पुस- प्रसिद्ध कालिमाटी मेला लागेको बेला भएको फोहोर व्यवस्थापन गरिएको छ। जिल्लाको कालिमाटी गाउँपालिका वडा नम्बर ३ मा अवस्थित गंगामाला भगवती मन्दिर परिसरमा हरेक वर्ष मङ्सिर शुक्ल पूर्णिमा (धान्यपूर्णिमा) को अवसरमा ठुलो मेला लाग्ने गर्दछ। मंगलबार उक्त मेलाको फोहोर संकलन तथा व्यवस्थापन गरिएको हो।

जनप्रतिनिधि, कर्मचारी र स्थानीय बासिन्दाहरूको सक्रिय सहभागितामा मेला क्षेत्रको फोहोर संकलन र व्यवस्थापन गरिएको कालिमाटी-३ कि वडा सदस्य भावना बिकले जानकारी दिइन। मेला क्षेत्रमा उत्पन्न हुने फोहोरको समस्या समाधान गर्न तथा सुन्दरता र स्वच्छताको लागि सरसफाइ एवं फोहोर व्यवस्थापन गरिएको उनले बताइन्। जनप्रतिनिधि सहित गाउँपालिकाका कर्मचारी केशव थापा, ओम प्रकाश वली एवं ३५ जना बढी स्थानियहरूको सहभागितामा फोहोर संकलन, कुहिने र नकुहिने फोहोर छुट्ट्याउने तथा सुरक्षित स्थानमा व्यवस्थापन कार्य सम्पन्न भएको हो।

कालिमाटीको पौराणिक मेला धार्मिक तथा सांस्कृतिक महत्वको भएकाले सल्यान जिल्लासहित छिमेकी जिल्लाहरूबाट हजारौं भक्तजनहरू दर्शन तथा मेला अवलोकनका लागि आउने गर्दछन्। मेलामा बली चढाउने, पूजाआजा गर्ने, स्थानीय उत्पादनहरूको खरिदबिक्री र विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरू हुने भएकाले मेला क्षेत्रमा प्लास्टिकजन्य सामग्री, खानेकुराका अवशेषलगायत ठूलो परिमाणमा फोहोर जम्मा हुने गरेको छ।

कालिमाटीमा गत मङ्सिर १७ देखि १९ गतेसम्म पौराणिक मेला लागेको थियो। मेला लगत्तै फोहोर व्यवस्थापन गर्ने भनिएकोमा स्थानीयहरूको व्यस्तताको कारण पुस १ गते सरसफाइ गर्ने सहमति भए अनुसार मंगलबार फोहोर व्यवस्थापन गरिएको वडा सदस्य बिकले जनाए। अनुसार मुख्य मेला लागेको कछुवा दह क्षेत्र वरपर, मजाउ क्षेत्रमा सरसफाइ गरिएको हो। कालिमाटीको गंगामाला भगवती मन्दिर सल्यान जिल्लाको महत्वपूर्ण धार्मिक स्थल हो। यस क्षेत्रमा लाग्ने मेलाले स्थानीय अर्थतन्त्र र पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउँदै आएको छ।

# फोर लेनको पर्खाइमा तत्काल १२ मिटर सडक ?

लमही (बुटवल टुडे), २ पुस- केही समय यता लमही कालाकाटे सडकको चर्चा चलेको छ। सो सडक चौडाको बिषय प्राथमिकता पाएको हो। एमसीसीको अनुदानमा सञ्चालित एमसीए नेपाल परियोजना अन्तर्गत पर्ने प्रस्तावित धानखोला-लमही (करिब ४० किलोमिटर) सडक योजनाका विषयमा एमसीए र सडक विभाग र सरोकावाला सँग छलफल गरिएको छ। छलफलबाट प्राप्त जानकारी सार्वजनिक चासो र सवाल उढेको छ।

छलफल अनुसार हाल रहेको करिब ७ मिटर चौडाइको सडकलाई दुवै साइड २.५-२.५ मिटर थप गरी १२ मिटर चौडाइमा स्तरोन्नति गरिनेछ सडक डिभिजन कार्यालय दाङले जनाएको छ। एमसीसीको परियोजना अन्तर्गत यो सडक उच्च प्रविधिको कालोपत्रे हुनेछ, जसले दीर्घकालीन प्रयोग र सुरक्षित यातायात सुनिश्चित गर्ने अपेक्षा गरिएको छ। यद्यपि सडक निर्माण भने केही समय लाग्ने छ।

योजना अनुसार भालुवाङ बजार क्षेत्रमा फोर लेन र लमही बजार क्षेत्रमा सिक्स लेन सडक निर्माणको अवधारणा अघि सारिएको छ। साथै, लालमटिया, मौरीघाट, सिसहनिया, नर्ति लगायत घना बस्ती भएका स्थानमा बस स्टेसन क्षेत्रहरूमा बस सर्भिस लेन थप्नुपर्ने सुझाव दिइएको छ, जसको सम्भावना प्रबल रहेको जनाइएको छ।

तर फोर लेन निर्माणबारे सडक विभागले स्पष्ट पारेको छ। एमसीसी परियोजनाबाट फोर लेन सडक निर्माण हुने छैन। फोर लेनका लागि भने विश्व बैंकको सहयोगमा नेपाल सरकारले अध्ययन प्रक्रिया अघि बढाइसकेको छ। आवश्यक UAI प्रक्रिया, डिपिआर तयारी र स्रोत सुनिश्चितता पूरा हुन करिब ५-६ वर्ष लाग्ने अनुमान गरिएको छ। यता सडक दिनानुदिन साँघुरो तथा जीर्ण बनेको छ। परियोजनालाई कुर्ने कि तत्काल समाधानको खोजी गर्ने भन्ने बिषय बनेको हो। अब देउखुरीबासी सामु मुख्य प्रश्न उभिएको छ। फोर लेनको लामो पर्खाइमा बस्ने कि तत्काल आवश्यक १२ मिटरको आधुनिक सडक निर्माण अघि बढ्न दिने ?

एकातिर फोर लेनले दीर्घकालीन शहरी विकास र यातायातको दबाब समाधान गर्न सक्छ। अर्कोतर्फ, तत्काल १२ मिटर सडक बनेमा अहिलेको धूलो, जोखिम र अव्यवस्थित यातायातबाट राहत मिल्नेछ, व्यापार-व्यवसाय र दैनिक आवागमन सहज हुनेछ।

यो निर्णय जनताको चाहना र सामूहिक सहमतिमा निर्भर रहनेछ। विकासको यो दोबाटोमा देउखुरीबासीले कुन बाटो रोज्ने भने बृहत् छलफल सुरु भएको छ। सुविधा कि दीर्घकालीन पर्खाइ। बुधबार भालुबाङमा सर्बपक्षय छलफल भएको छ। राप्ती उद्योग बाणिज्य संघ अध्यक्ष सुरज खड्काले परियोजनाको भर पर्न नहुने बताए। उनले एमसिसी परियोजनाको डिपिआर भन्दा एक इन्च चौडाइ नबनाउने बताउँदै राज्यबाट प्रवाह गरिनुपर्ने बताए।

# नुबिया एयर र नुबिया भि८० डिजाइन सार्वजनिक



काठमाडौं (बुटवल टुडे), २ पुस- ग्लोबल टेक जाएन्ट जेडटीई कर्पोरेसनले नेपालमा आफ्ना २ नयाँ स्मार्टफोन मोडेलहरू जेडटीई नुबिया एयर र जेडटीई नुबिया भि ८० डिजाइन सार्वजनिक गरेको छ। उच्च प्रदर्शन र आकर्षक डिजाइनका स्मार्टफोन सहज मूल्यमा उपलब्ध गराउने प्रतिबद्धतालाई निरन्तरता दिँदै यी दुवै मोडेल शुन्य प्रतिशत ब्याजदरको मासिक किस्ताबन्दीको सुविधासहित उपलब्ध गराइएको कम्पनीले जनाएको छ। यसले एड्भान्स्ड स्मार्टफोन प्रविधिलाई नेपाली उपभोक्ताका लागि अझ सहज र पहुँचयोग्य बनाउने अपेक्षा गरिएको छ।

नयाँ जेडटीई नुबिया एयरले स्लिम स्मार्टफोन इन्जिनियरिङमा नयाँ मापदण्ड स्थापित गरेको छ। केवल ५.९ मिलिमिटर मोटाइको यस स्मार्टफोनले प्रिमियम बनावट र मजबुत टिकाउपनलाई एकसाथ ल्याएको छ। यसमा ६.७८ इन्चको १.५ के एमोलेड डिस्प्ले छ, जसलाई कोर्निङ गोरिल्ला ग्लास ७ आईले सुरक्षित गरेको छ। साथै, आईपी६८, आईपी६९ र आईपी ६९ के धुलो तथा पानी प्रतिरोध उपलब्ध हुनु यस मूल्य श्रेणीमा दुर्लभ संयोजन मानिन्छ। युनिसक टी८३०० चिपसेटमा आधारित र एन्ड्रोइड १५ मा सञ्चालन हुने नुबिया एयरले सहज र फ्युचर सेन्ट्रिक पर्फर्मेस दिन्छ। यस स्मार्टफोनमा ५० मेगापिक्सेलको प्राइमरी क्यामेरा, २० मेगापिक्सेलको सेल्फी क्यामेरा र ३३ वाट फास्ट चार्जिङ सपोर्ट गर्ने ५,००० एमएएच क्षमताको ब्याट्री भएकोले आनन्दसंग फोन दिनभरि प्रयोग गर्न मिल्छ। ८ जिबी र्याम र २५६ जिबी स्टोरेज भेरियन्टमा उपलब्ध यो मोडेलको मूल्य नेपाली रूपैयाँ ३३,९९९ तोकिएको छ। यसैगरी, आकर्षक फिनिस र सन्तुलित प्रदर्शन चाहने प्रयोगकर्ताका लागि जेडटीईले नुबिया भि८० डिजाइन पनि सार्वजनिक गरेको छ।

# राष्ट्रपति रनिङशिल्डमा बालकल्याण माविको लगातार तेह्रौं जित

रोल्पा (बुटवल टुडे), २ पुस- रोल्पा नगरपालिकास्तरीय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितामा बालकल्याण मावि लिवाङ प्रथम भएको छ। यसपटक विजेता भएसँगै बालकल्याण माविको यो लगातार तेह्रौ पटकको जित हो। प्रतियोगितामा राष्ट्रिय मावि खुमेल द्वितिय र नेपाल मावि कोटगाउँ तृतीय भएका छन्।

प्रतियोगितामा प्रथम हुने बालकल्याण माविले २८ स्वर्ण, ३३ रजत र १९ काश्य सहित प्रथम भएको हो। प्रतियोगितामा द्वितिय स्थान हासिल गर्ने नेपाल राष्ट्रिय मावि खुमेलले १४ स्वर्ण, १३ रजत र १८ काश्य पदक प्राप्त गरेको थियो। प्रतियोगितामा तृतीय स्थान हासिल गर्ने नेपाल मावि कोटगाउँले १३ स्वर्ण, ७ रजत र १९ काश्य पदक प्राप्त गरेको थियो।

प्रतियोगितामा होलिभिजन आवासीय मावि लिवाङले ४ स्वर्ण, १ रजत र ३ काश्य पदक प्राप्त गरी पदक तालिकामा चौथो स्थान हासिल गरेको थियो। यस्तै, तारा मावि वामरुकले २ स्वर्ण, २ रजत र ७ काश्य पदक प्राप्त गरी पदक तालिकामा पाँचौ स्थान हाँसिल गरेको थियो।

प्रतियोगितामा हिमालय मावि गापा धवाङले २ स्वर्ण, २ रजत र ३ काश्य पदक प्राप्त गरी पदक तालिकामा छैठौ स्थान हासिल गरेको थियो।

# अबैध बन्दुक बरामद

सल्यान (बुटवल टुडे), २ पुस। सल्यान प्रहरीले ठूलो परिमाणमा अबैध भरुवा बन्दुक बरामद गरेको छ। लामो समयदेखि अवैध रूपमा लुकाइ छिपाइ राखिएको अवस्थामा जिल्लाका विभिन्न स्थानबाट ३३ नाल भरुवा बन्दुक बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। जिल्लाको बनगाड कुपिण्डे नगरपालिका र त्रिवेणी गाउँपालिकाका बिभिन्न स्थान बाट बढि मात्रामा बन्दुक फेला परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी निरिक्षक देवराज भट्टराईले जानकारी दिए।

उनका अनुसार विशेष सूचनाका आधारमा बन्दुक फेला पारिएको हो भने एक जना व्यक्ति भरुवा बन्दुक सहित पक्राउ गरि मुद्दा समेत चलाइएको छ।


## Siddharthanagar Municipality
## Office of the Municipal Executive
### Siddharthanagar, Rupandehi

## Invitation for Bids

**First Date of Publication: 2082-09-03 (18th December, 2025)**

1. Siddharthanagar Municipality Office, Siddharthanagar, Rupandehi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Bidding Procedure name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of work | Bid Security Amount | Pre Bid Meeting | Bid Submission Deadline | Bid Opening Date 2082-09-22 (06th January, 2026) | 2082-10-04 (18th January, 2026) | 2082-10-04 (18th January, 2026 |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/JINSI/ NCB-02/082/083 | supply of stationary and other necessary goods at Siddharthanagar Municipality | NRs. 3000 | Nrs. 85,000.00 (Eighty-Five Thousand Only) | 11:00 AM | before 12:00 NOON | 13:00 PM | |

| Bank Name | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|
| Agriculture Development Bank, Siddharthanagar, Rupandehi | Antarik Rajaswa (revenue) Khata | Dharauti Khata |
| | 04-146-01145634-20-8 (ga-1-1) | 04-146-01145634-03-8 (ga-3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. Bid Submitted in hardcopy shall not be accepted
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Any amendment in the notice or bid documents or for further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि.
बुटवल - १० योगिकुटी, फोन : ०७१-४१९०५५

## धितो लिलाम सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति: २०८२।०९।०३

यस माछापुच्छे बचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिल उल्लेखित ऋणीले लिनुभएको कर्जा संस्था संग गर्नुभएको सम्झौता बमोजिम बुझाउनु पर्ने सावाँ ,व्याज लगायत सहकारीको लेना रकम नबुझाई कर्जा लिंदा गरेको शर्त कबुलियतको उल्लंघन गरेको र यस संस्थाबाट पटक पटक लिखित तथा मौखिक रूपमा कर्जा चुक्ता गर्न बारम्बार अनुरोध गर्दा समेत नआएको हुँदा तपाईं ऋणीको नाममा रहेको बक्यौता कर्जा चुक्ता गर्न आउने बारे मेचीकाली राष्ट्रिय दैनिक पत्रीकामा मिति २०८२/०६/२८ गते ३५ दिने, बुटवल टुडे राष्ट्रिय दैनिक पत्रीकामा मिति २०८२/०८/ ०४ गते १५ दिने र २०८२/०८/२२ गते ७ दिने सार्बजनिक सूचना प्रकाशित गर्दा समेत सो म्यादमा उपस्थित नभइ सो सूचनाको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा फर्छ्यौट गर्नेतर्फ कुनै तदारुकता नदेखाएको हुनाने सम्पुर्ण बक्यौता कर्जा सुबिधा फिर्ता गर्न फेरि ३५ दिने धितो लिलाम सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।अत:संस्थामा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा तपाईले संस्थालाई बुझाउनुपर्ने ऋणको सम्पुर्ण सावाँ, व्याज, हर्जना तथा अन्य दस्तुर चुक्ता भुक्तान गरि यस सहकारीको कर्जा फरफारक गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा यस संग सम्बन्धित सबैलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। सो म्यादभित्र बक्यौता रकम चुक्ता भुक्तान नभएमा कर्जा लिंदा यस संस्थालाई दृष्टिबन्धक पास गरिदिएको तपसिल बमोजिमको धितो घरजग्गा,सहकारी ऐन २०७४,सहकारी नियमावली २०७५ र अन्य प्रचलित ऐन कानुन अनुसार लिलाम बिक्रि गर्ने व्यहोरा तपाई ऋणी तथा सम्बन्धित सबैको लागी यो सूचना द्वारा सूचित गराइन्छ।

| ऋणको नाम ठेगाना | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| ऋणी : दिपक धामी<br>ना.प्र.नं. : १०३५/८५८<br>जारी मिति : २०६५/०३/२६ प्यूठान<br>ठेगाना : ढुंगेगढी-३, प्यूठान<br>अस्थाई ठेगाना: बुटवल-११, रुपन्देही<br>बाबुको नाम: झनबहादुर धामी<br>बाजेको नाम: सुकबहादुर धामी<br>कर्जाको किसिम: धितो कर्जा | दलबहादुर धामीको नाति, सुकबहादुर धामीको छोरा, बांगेसाल-४, प्यूठान बस्ने (ना.प्र.नं.: ८३५९/०४९ प्यूठान) झनबहादुर धामीको नाममा मालपोत कार्यालय सिद्धार्थनगर, भैरहवामा दर्ता कायम रहेको तिलोत्तमा नगरपालिका वडा नं.१७, साविक गंगोलिया-०३, स्थित कि.नं.१३६६, नक्सा सिट नं.३ ख को क्षेत्रफल ०-०-५.५०-० भएको जग्गा | नाम: झनबहादुर धामी<br>ना.प्र.नं. : ८३५९/०४९<br>जारी मिति: २०४९/०३/१८,प्यूठान<br>ठेगाना : बांगेसाल-४, प्यूठान<br>बाबुको नाम: सुकबहादुर धामी<br>बाजेको नाम: दलबहादुर धामी |



## इलाम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### इलाम

Green Ilam

## विद्युतिय बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन मिति: २०८२/०९/०३)

इलाम नगरपालिका अन्तर्गत तपशिल बमोजिमको कार्यहरुका लागी इच्छुक, योग्य बोलपत्रदाताहरु सबैमा निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक इजिपी सवमिशनको माध्यमबाट मात्र विद्युतिय बोलपत्र आह्वानका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क्र.सं. | बोलपत्र संकेत नम्बर | बोलपत्रको नाम | लागत अनुमान रकम रु (पि.एस र मु.अ.कर बाहेक) | बोलपत्र जमानत वापतको रकम रु (बैंक ग्यारेन्टीको हकमा बोलपत्र पेश गर्ने अन्तिम दिन देखि १२० दिन म्याद भएको) | बोलपत्र खरिद दस्तुर रकम रु (फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | imoilam/ncb/ work/ 13-2082/83 | Different Roads Maintenance Works of Ilam Municipality Ward no 7 | १८,३७,६८३/१० | ४७,०००।- | ३,००० | |
| २ | imoilam/ncb/ work/ 14-2082/83 | Supply and Installation of Different Component of Solar Street Light System in Ilam Municipality Ward no 7 | २५,३६,३८०।- | ६४,०००।- | ३,००० | |

- बोलपत्र खरिद/पेश गर्न सकिने अन्तिम मिति तथा समय : २०८२/१०/०४ गते दिउंसो १२ बजे भित्रमा
- बोलपत्र सम्बन्धि कागजात खोलिने मिति तथा समय: २०८२/१०/०४ गते दिउंसो १२:१५ बजे र १२:३० बजे

उल्लेखित कार्यहरुसंग सम्वन्धित विस्तृत जानकारीको लागी नेपाल सरकारको विद्युतिय खरिद प्रणाली (https://bolpatra.gov.np/egp), इलाम नगरपालिकाको आधिकारिक वेभ साइट (https://ilammun.gov.np), फेसबुक पेज, सूचना पाटी तथा कार्यालय समयमा यस कार्यालयको पूर्वाधार विकास महाशाखामा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकिय अधिकृत



## कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कृष्णनगर,-कपिलवस्तु
### लुम्बिनी प्रदेश,नेपाल

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

सूचना प्रकाशित मिति: २०८२।०९।०३

यस कृष्नानगर नगरपालिकाको आ.व.२०८२/८३ को लागि ठेक्का द्वारा सुरही खोला माडा दयानगर गुर्चिहवा क्षेत्रमा बालुवा उत्खनन तथा संकलन गर्न (Contract Number KNM/NCB/RBM-01/082/83) का लागि मिति २०८२/०७/२७ गते बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान(अन्तरिक आय) सम्बन्धि सूचना अनुसार रितपूर्वक मिति २०८२/०८/२९ गते दिउसो १२:०० बजे सम्म पर्न आएका तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र बढी मुल्यांकित भई सारभूत रूपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रप्रकाशन गरिएको छ।

तपशिल

| क्र. स. | ठेक्का नं. | बोलपत्रदाताको नाम ठेगाना | आयोजनाको नाम | कबोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | KNM/ NCB/RBM-01/082/83 | CHAUDHARY RN SUPPLIERS DAYANAGAR vinay981155@gmail.com phone:9847063088 | Antarik Aay Surahi Khola sand collection thekka | ३९,३०,५६७/१४ | |

प्रमुख प्रशासकीय अधिकृत



## धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धरान, सुनसरी
### कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८२।०९।०३

यस कार्यालयद्वारा २०८२।०७।१२ गते प्रकाशित गरिएको तल उल्लेख भएको निर्माण कार्यका लागि तपसिल बमोजिम ठेक्काको सूचनामा उल्लेखित अन्तिम मिति भित्र पर्न आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतीका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयपत्रको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | योजनाको नाम | बोलपत्र खरिद नं. | कबोल अङ्क भ्याट बाहेक एक सहित रु. | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| 1. | Sulikot marga road construction work Phase 2, Dharan-20 | 03/DHARAN/ WORKS/NCB/082/83 | 2,23,06,825.40 | श्री LINGTHEP-TEJASWEE JV, Dharan-16 |

प्रमुख प्रशासकीय अधिकृत